नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(......प्रशासन...... शाखा)

फोन नं.: ४१०६७६१, ४१०५८३०, ४१०६४०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- ०८१।०८२।१।१७
प्राप्त पत्र संख्या:- ..............
च.नं.:- ८५२

मिति :२०८१।०८।१३
ने.सं. ११४५ कछलागा द्वादशी बिहीबार

विषय: निर्णय कार्यान्वयनका लागि पठाइएको सम्बन्धमा।

श्री नापी कार्यालय मोरङ्ग, धनुषा, मकवानपुर, कास्की, दाङ्ग, सुर्खेत, कैलाली।

प्रस्तुत विषयमा भूमि समस्या समाधान आयोगका लागि अमिन तथा सर्भेक्षक करारमा छनौट गर्ने सम्बन्धी गोरखापत्र राष्ट्रिय दैनिक र यस विभागको वेवसाइट www.dos.gov.np मा मिति २०८१।०८।१३ गते सूचना प्रकाशित भएको व्यहोरा जानकारी गराउँदै उम्मेदवारले बुझाएका दरखास्त फारामहरुका सम्बन्धमा *सेवा करारमा कर्मचारी छनौट समिति*को मिति २०८१।०८।१२ को निर्णयअनुसार तपसिल बमोजिम गर्नु हुन आदेशानुसार अनुरोध छ ।

तपसिल:

१. उम्मेदवारहरुवाट पेश हुन आएका दरखास्त फारामहरु रितपूर्वक भए/नभएको रुजु गरी रितपूर्वक प्राप्त हुन आएका दरखास्त फारामहरुमा नापी कार्यालय मोरङले रोल नं. ०१/०००१, ०१/०००२,... , धनुषाले रोल नं. ०२/०००१, ०२/०००२.... मकवानपुरले रोल नं. ०३/०००१,०३/०००२...., कास्कीले रोल नं. ०४/०००१,०४/०००२,... दाङ्गले रोल नं. ०५/०००१,०५/०००२,....... सुर्खेतले रोल नं. ०६/०००१, ०६/०००२,... र कैलालीले रोल नं. ०७/०००१, ०७/०००२...बाट क्रमश रोल नं. कायम गरी छुट्टै दर्ता किताब खडा गरी बुझिलिनुहुन।

२. उम्मेदवारले बुझाएको दरखास्त फाराम कार्यालय प्रमुख वा निजले तोकेको नापी अधिकृतले प्रमाणित गरी उम्मेदवारलाई प्रवेश-पत्र उपलब्ध गराउनुहुनका साथै दरखास्त फारम प्रमाणित गर्ने कर्मचारीको नाम र हस्ताक्षर नमुना यस विभागमा पठाउन हुन। साथै, स्वीकृत दरखास्त फाराम बमोजिमको विवरण यसै साथ संलग्न Excel format मा प्रविष्ट गरी डाटा उपलब्ध गराउनुहुन।

(अनन्तराज लामिछाने)
शाखा अधिकृत

बोधार्थ
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी बिभाग : पत्र विभागको Website मा upload गरिदिनुहुन।
श्री MIS Unit, नापी बिभाग, योजना तथा जग्गा प्रशासन शाखा।